# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/३/०७६/७७ मितिः- २०७६/१२/०९

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्वन्धित सबै संस्थाहरु।

विषयः अ.प्रा.निर्देशन नं. ५/०७६ मा संशोधन गरिएको सम्बन्धमा।

महाशय,

यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थालाई मिति २०७६/९/१७ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७६ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**१. अ.प्रा. निर्देशन नं. ५/०७६ को बुँदा नं. १ को १.२ को 'क' मा :**

क) मोबाइल तथा इन्टरनेटद्वारा गरिने कारोवारहरुको अधिकतम सीमा देहाय वमोजिम हुनेछ।

| क.स. | उपकरण | प्रतिदिन (रु.) | प्रतिमहिना (रु.) |
|---|---|---|---|
| १. | मोबाइल बैंकिङ (QR Code समेत) | १ लाख | १० लाख |
| २. | इन्टरनेट बैंकिङ (Merchant Payment) | १० लाख | ३० लाख |
| ३. | इन्टरनेट बैंकिङ (Account Transfer) | १० लाख | ५० लाख |

तर, कुनै व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको एउटा खाताबाट सोही व्यक्तिको नाममा सोही संस्थामा रहेको अर्को खातामा रकम रकमान्तर गर्न उपर्युक्त व्यवस्थाले वाधा पुगेको मानिने छैन।

**२. अ.प्रा. निर्देशन नं. ५/०७६ को बुँदा नं. २ को 'क' मा :**

क) Wallet को माध्यमद्वारा गरिने Fund Transfer को अधिकतम सीमा देहाय बमोजिम हुनेछ।

| क.स. | Fund Transfer/भुक्तानी | प्रतिकारोबार (रु.) | प्रतिदिन (रु.) | प्रतिमहिना (रु.) |
|---|---|---|---|---|
| १. | Agent वा Sub–Agent बाट वालेटमा | - | २५ हजार | १ लाख |
| २. | बैंक खाताबाट वालेटमा | २५ हजार | १ लाख | ५ लाख |
| ३. | वालेटबाट अन्य बैंक खातामा | २५ हजार | १ लाख | ५ लाख |
| ४. | एक वालेटबाट अर्को वालेटमा | २५ हजार | १ लाख | ५ लाख |

तर, Wallet मा अधिकतम रु.२५ हजार भन्दा बढी मौज्दात Overnight राख्न पाइने छैन। साथै, वालेटबाट वालेट बाहकको बैंक खातामा रकमान्तर गर्दा कुनै सीमा लाग्ने छैन।

भवदीय,

(शुभाष चन्द्र घिमिरे)
का.मु. कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक

भुक्तानी प्रणाली विभाग

बोधार्थ:

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, कमलादी, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु ।